महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७५ आषाढ १८ गते, सोमबार

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) अन्र्तगतको इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ (IDI) ले काठमाण्डौमा आयोजना गरेको "SAI FIGHTING CORRUPTION" कार्यशाला गोष्ठीको माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल) बाट उद्घाटन भयो । भ्रष्टाचार निवारण सम्बन्धमा संस्थागत व्यवस्थाको कार्यमूलक लेखापरीक्षण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७५।३।१८ देखि २०७५।३।२९ सम्म आयोजना हुने यस कार्यशाला गोष्ठीमा एशिया प्रशान्त क्षेत्रका ११ देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरुबाट ३२ जनाको सहभागिता रहेको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षकबाट भ्रष्टाचार राष्ट्रको लागि गम्भीर अपराध भएको, यसले आर्थिक समृद्धि, समानता एंव सामाजिक न्यायमा बाधा पुऱ्याउने, लगानीको वातावरण कमजोर पार्ने र नागरिकहरुको आधारभूत अधिकार प्राप्तिलाई अवरोध गर्ने बताउनुभयो । भ्रष्टाचार निवारणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुले महत्वपूर्ण भूमिका खेल्न सक्ने विषयमा चर्चा गर्दै सर्वोच्च लेखापरीक्षण संस्थाहरुले निष्ठा, इमान्दारिता, जवाफदेहिता, पारदर्शिताको प्रर्दशन एंव प्रवर्द्धन गरी अन्य सरकारी निकायहरुको लागि उदाहरणीय बन्नुपर्ने बताउनुभयो । महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, कार्य संचालन योजना र महालेखापरीक्षकको कार्य योजनाहरुले उच्च जोखिम रहेको क्षेत्रहरुलाई लेखापरीक्षणमा प्राथमिकता दिनुका साथै निकायहरुको नेतृत्वको लेखापरीक्षण समेत शुरुवात गरेको बताउनुभयो ।

साथै, आई.डि.आई. ले इन्टोसाईको सदस्य लेखापरीक्षण संस्थाहरु बिच ज्ञान, सिप तथा अन्तराष्ट्रिय असल अभ्यासहरु बारे जानकारी गराई सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षमता विकासमा गरेको योगदानको प्रशंसा गर्नुभयो । यस्ता कार्यक्रमहरु आपसी सहयोग, ज्ञान आदान प्रदान गर्ने उपयुक्त माध्यम भएको बताउदै कार्यक्रमको सफलताको कामना व्यक्त गर्नुभयो ।

सो अवसरमा आई.डि.आई. का क्षमता विकास प्रवन्धक अलेन रोजर मेम्भु लिन्डोउले महालेखापरीक्षकको कार्यालयको हीरक जयन्तीको अवसरमा बधाई तथा शुभकामना व्यक्त गर्दै नेपालले यो कार्यक्रम संचालन गर्न पुऱ्याएको योगदान प्रति आभार व्यक्त गर्नुभयो । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षमता विकास गर्ने सम्वन्धमा आई.डि.आई. को उद्देश्य, क्षेत्र तथा भावी कार्यदिशा बारेमा जानकारी गराउनु भएको थियो । यस कार्यक्रमले भ्रष्टाचार न्यूनीकरण गर्न लेखापरीक्षण प्रणालीको लागि आवश्यक सुझाव प्रस्तुत गर्ने जानकारी दिनुभयो ।

अशोक कुमार कार्की
सहायक-प्रवक्ता